# लिखु गाउँपालिका तेस्रो गाउँसभामा पेश

# आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम

लिखु गाउँपालिका

ओखलढुंगा जिल्ला

प्रदेश नं. १

<ins>**प्रस्तोता**</ins>

शान्ता ढुगेंल

उपाध्यक्ष

लिखु गाउँ कार्यपालिकाको कार्यालय

# लिखु गाउँपालिकाको वजेट

आदरणीय सभाध्यक्ष ज्यू

१. नेपाली जनताले लामो समय देखी परिवर्तनको निम्ति गरेको गौरवपुर्ण आन्दोलनहरु जनयुद्ध, जनआन्दोलनका कारण प्राप्त उपलब्धिको रुपमा स्थापना भएको स्थानीय सरकारको तर्फबाट यस गरिमामय सभामा नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामि आर्थिक बर्ष २०७५ / ७६ को वजेट प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा नेपालको राजनितिक विकास र सामाजिक रुपान्तरणको क्रममा भएका विभिन्न संघर्षमा आफ्नो अमुल्य ज़ीवन बलिदान गर्नुहुने सम्पुर्ण महान शहिदहरु बेपता तथा घाइते योध्दाहरु र वहाँहरुको परिवारजन लगायत आम जनसमुदायमा हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

२. आगामी आर्थिक वर्षमा लिखु गाउँपालिकाको स्थानीय सरकारले सर्वसाधारण जनतालाई प्रत्यक्ष अनुभुति हुने खालका योजनाहरुलाई सहजै कार्यान्वयन गर्नका लागि ऐन कानूनहरु बनाई कार्यान्वयनमा लगिएको छ ।

३. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान आवधिक योजना, विनियोजन विधेयक २०७५ को सिद्धान्त र प्राथमिकता, जन अनुमोदित स्थानीय सरकारको नीति तथा कार्यक्रम दिगो विकासका लक्ष्य, स्थानीय सरकारको प्राथमिकताका सुझावहरु मार्गदर्शनका रुपमा लिएको छु । विभिन्न नागरिक समाज, बुद्धिजिवी वर्गहरु, सम्पर्ण सरोकारवाला, कर्मचारी वर्गहरुले दिनु भएको सुझावलाई समेत ध्यान दिएको छु ।

सभाध्यक्ष ज्यू

अब म स्थानीय सरकारको आर्थिक अवस्थाको यथार्थ जानकारी गराउन चाहान्छु ।

४. संघीय प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, राजस्व बाडँफाड र आन्तरिक आय, आन्तरिक ऋणलाई परिचालन गरि स्थानीय तहका कार्यक्रमहरु संचालन गरिने छ ।

५. मैले मिति २०७४।०५।१५ गते प्रस्तुत गरेको चालु आर्थिक वर्षको वजेट अनुमान मध्ये आ. व. २०७४।७५ को कुल अनुमानित वजेट २९,७३,८९,२९६।१० (सामाजिक सुरक्षा समेत) मा सशर्त तर्फ शिक्षामा बढी भएर अर्थ मन्त्रालयले फिर्ता लिएको ४,५६,३४,०००।०० समेत रहेको थियो । यसमा पुँजीगत तर्फ विनियोजित १०,०४,४२,४००।०० मध्ये यहि २०७५ जेठ मसान्त सम्म ६,०९,३२,७६०।०० खर्च भई ३,९५,०९,६४।०० बाँकी रहेको छ । त्यस्तै फिर्ता भएको शिक्षाको वजेट घटाई चालु खर्च तर्फ विनियोजित रु १५,१३,१२,८९६।१० मध्ये २०७५ जेठ मसान्त सम्म १४,०३,१२,८९।१० खर्च भई १,१०,००,०००।०० बाँकी रहेको छ ।

सभाध्यक्ष महोदय,

६. अब म स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७५।७६ को वजेट उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहान्छु । यस वजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन् ।

क) गाउँ बासिहरुको गरिबी न्युनिकरण गर्दै जीवनस्तर सुधार गर्न न्युनतम आधारभुत आवश्यकताहरुको परिपुर्ति गर्न ।

ख) संघीय प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको महत्तम परिचालन गर्दै गाउँपालिका भित्र रहेका स्रोत साधन, राजस्वको पहिचान र परिचालन गरि गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्न ।

ग) सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रेरित गर्दै भौतिक तथा सामाजिक पुर्वाधार तयार पारि समुन्नत, सुदृढ, स्वाधिन, समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्न ।

७. आर्थिक वर्ष २०७५/७६ का प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छ ।

क) स्थानीय तह भित्रको शिक्षा, स्वास्थ्य आवास र रोजगारी जस्ता आधारभुत मानविय आवश्यकताहरुको परिपुर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन ।

ख) उच्च, दिगो र फराकिलो आर्थिक वृद्दिर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत तथा उधोग लगायतका क्षेत्रमा पुँजी विकास परिचालन ।

ग) भौतिक सामाजिक पुर्वाधारहरुको विकास गरि सडक विस्तार जलविधुत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार ।

घ) स्थानीय सरकारको आधार सुशासन नैतिक र सदाचार भन्ने अभिप्रायका साथ आम नागरिकलाई गुणस्तरिय, परिणाममुखि, छिटो छरितो सेवा प्रदान गर्न ।

ङ) प्राकृतिक प्रकोपको न्युनिकरण र पर्यावरणीय संरक्षण गर्न ।

सभाध्यक्ष ज्यू,

यस स्थानीय सरकारले वजेटको उद्देश्य हासिल गर्न, प्राथमिकतालाई कार्यान्वयन गर्न, सघं र प्रदेश सँग सहकार्य, समन्वय र साझेदारी गर्नेछ ।

सभाध्यक्ष ज्यू,

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित प्रस्तुत गर्न गई रहेको छु ।

**कृषि र पशुपन्छी :**

८. कृषि रोजगारीको बिकास मात्र नभई बेरोजगारीको अन्त्य गर्ने मुख्य आधारको रुपमा बिकास गरी पुर्ण रुपमा व्यवसायीकरण र औधौगिकिकरण गर्दै लगिनेछ ।

९. स्थानिय तहलाई खाधान्नमा आत्मनिर्भर बनाई अन्य स्थानिय कृषि जन्य उत्पादनको मागलाई समेत आपुर्ति गर्न सक्ने गरी कृषिको कार्यक्रमहरु संचालन गरीनेछ ।

१०. कृषि उत्पादनमा रहने तर्फ डोहोर्याउने ५ कृषि उत्पादनमा स्थानिय तहमा रहेका बाझा जमिनहरुलाई उपयोग गर्ने करार खेतीको माध्यमवाट खेति प्रणालीको बिकास गर्ने निति लिईनेछ । गरिबीको चपेटामा पिल्सिएका नागरीकलाई बाझो जमिनहरु जोतेर कृषि उत्पादनमा रहने तर्फ डोहोर्याउने ५ कृषि उत्पादनमा स्थानिय वडा समिति सँग उचित समन्वय र सहकार्य गरि उत्पादन गरौँ गाउँपालिका सम्वृद्र बनाऔ ।

११. कृषि पेशामा किसानहरुलाई आकर्षित गर्ने उदेश्यले स्थानिय सरकारले कृषि अनुदान कोषको व्यवस्था गरिनेछ । यस कोषबाट किसानलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराइनेछ ।

१२. स्थानिय तहमा रहेका कृषि र जडीवुटी सम्बन्धी अनुसन्धान केन्दहरुलाई स्तोन्नति गरि परिचालन गरिनेछ ।

१३. स्थानिय पालिकाको सबै भुमिको माटो परिक्षण गरि माटो सुहाउदो वाली लगाउन कृषकलाई प्रोत्साहन गरिनेछ । किसानको लागि आवश्यक पर्ने विउ बिजन उत्पादन र बितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१४. नगदेवाली, अलैची, अदुवा,बेसार तथा फलफुलहरु उत्पादनमा विशेष क्षेत्रको रुपमा बिकास गरिनेछ ।

१५. स्थानिय तहका जनताहरुको खाद्य सुरक्षा तथा नागरिकको पोषण सुरक्षाको प्रत्याभुति गर्नको लागि आवश्यक कार्यक्रम ल्याइने छ ।

१६. दीर्घकालिन बिषादी मुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्रांगरिक किटनाशक बिषादी उत्पादन गर्ने तर्फ किसानहरुको बिचमा बिशेष अभियानका कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

१७. गाउँपालिका क्षेत्रभित्र कम्तिमा एउटा कोल्ड स्टोर स्थापना गरि संचालन गरिनेछ ।

१८. स्थानिय तहलाई माछा मासु तथा दुग्ध जन्य पदार्थमा आत्म निर्भर बनाई निर्यातयोग्य वस्तुको रुपमा बिकास गर्न पशुपालनको क्षेत्रमा संभाव्यता अध्ययन गरि उल्लेखित क्षेत्रमा उत्पादकत्व रोजगार,राजस्वमा पुग्ने योगदानको आधारमा निजि क्षेत्रमा संस्थालाई प्रोत्साहन गरिनेछ ।

१९. स्वस्थ र सुरक्षित मासु उपभोग गर्नका लागि गाउँपालिका भित्रको मुख्य स्थानहरुमा पशु बधशाला स्थापना गर्न अनुदान दिइनेछ । साथै स्वस्थकर मासु बिक्री बितरण गर्ने मासु पसल संचालनको लागी मापदण्डका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

२०. माथी उल्लेखित कृषि र पशुपन्छीसँग सम्वन्धित कार्यक्रमहरु संचालन स्थापना गर्नका लागि रु ८०,१६,०००। बिनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

**पर्यटक:**

२१. लिखु गा.पा. भित्र रहेका सम्पुर्ण पर्यटकिय स्थलहरुलाई पुर्वाधार निर्माण गरी व्यवसायिक रुपमा लगानी गर्न निजि क्षेत्र तथा सहाकारीहरुलाई प्रोत्साहन गरिनेछ ।

२२. प्राकृतिक प्रकोपको बिपतको समयमा मानबिय उदार गर्नका लागि स्थानिय वडाहरु उपयुक्त स्थानहरुमा हेलिप्याड निर्माणलाई अगाडी वढाई भइरहेकालाई प्राथमिकता दिइनेछ ।

२३. प्रर्यटकिय बिकासको लागि मुख्य स्थलहरु आसपास होम स्टेहरु संचालन गर्न प्रोत्साहन गर्ने र संघिय सरकारले छुट्ठायाएको रकममा ऋणबाट हिस्सा पर्यटक कार्यक्रम संचालन गरिनेछ ।

सभाध्यक्ष ज्यू,

**जलस्रोत तथा उर्जाबिकास :**

२४. तत्कालिन उर्जा बिकासको लागि स्थानिय स्तरमा रहेका साना जलबिधुत उत्पादनमा प्राथमिकता दिइ मापदण्ड निर्धारण गरी प्राथमिकताका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

२५. वैकल्पिक उर्जा अन्तर्गत वायु ग्यास प्रबिधिको बिकास गर्न उपभोक्तालाई निश्चित मापदण्डका आधारमा वायो ग्यास स्थापना र संचालन गर्न अनुदान उपलब्ध गराइनेछ ।

२६. उर्जा सम्बन्धी जलस्रोत बिकासका लागि रु ११,९३,०००। विनियोजन गरिएको छु ।

**गरिबी तथा बेरोजगारी :**

२७. नेपालको संविधानमा उल्लेखित जनताको मौलिक हक तथा सम्बन्ध, नितिहरुका साथै दिगो बिकासको लक्ष्य अनुसार गरिबी घटाउने कार्यका लागि समेत स्थानिय सरकारले आवश्यक रणनिति र कार्यनितिहरु तय गरी संचालन गरिनेछ ।

२८. गरिबी निवारण तथा सामुदायिक बिकासमा संलग्न संघ सस्थाहरु सँग समेत समन्वय र सहयोग जुटाउदै एक द्वार प्रणालीवाट गरिवी निवारणसँग सम्वन्धित परिणाम मुखि संचालन गर्ने निति लिइने छ ।

२९. गाउँपालिका क्षेत्रभित्रका बिपन्न तथा गरिव युवाहरुलाई स्थानिय स्तरमै रोजगारी सृजना गर्न आत्मनिर्भर युवा कोष खडा गरिनेछ । यसका लागि बिशेष वजेट व्यवस्था गर्दै लगिनेछ ।

सभाध्यक्ष ज्यू,

३०. गाउँपालिका भित्र रहेका प्राकृतिक साधन र स्रोतलाई अधिकतम सदुपयोग गर्दै घेरेलु तथा साना उधोग स्थापना गर्न प्रोत्साहित गरिने छ ।

३१. स्थानिय सीप स्रोत जनशक्ति, साधनलाई प्रयोग गरि खाडी, अल्लो, ढाका, सिलाई कटाई जस्ता सिपमुलक उत्पादन गर्न विपन्न महिलाहरुलाई प्राथमिकता दिई अनुदानको व्यवस्था मिलाइएको छ।
३२. उधोग तथा सिप बिकास क्षेत्रका लागि रु १०,००,०००। विनियोजन गरिएकोछु।
३३. तालिम संचालन गर्नको लागि ७०००००। गरि जम्मा १७०००००। विनियोजन गरिएकोछु।

सभाध्यक्ष ज्यू,

## शिक्षा :

३४. जीवनोपयोगी सिपमुलक शिक्षा प्रविधि युक्त शिक्षामा जोड दिई दक्ष जनशक्ति बिकास गरिनेछ।
३५. बिद्यालय जाने उमेरका सवै बालवालिकाहरुको बिद्यालय भर्ना सुनिश्चित गरिनेछ।
३६. पालिका तह भित्र रहेका सामुदायिक बिद्यालयहरु मध्ये छनौट गरि आवासिय व्यवस्था सहितको बिद्यालय संचालनका लागि अध्ययन अनुसन्धान गरिनेछ।
३७. सुचना प्रबिधि मैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पुर्वाधारको व्यवस्था मिलाइनेछ।
३८. गाउँपालिका सवै सामुदायिक बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट नै पठन पाठन गर्ने गराउने व्यवस्थालाई क्रमश सुरुवात गरिनेछ।
३९. प्राविधिक शिक्षालय स्थापना गर्नलाई संभाव्यता अध्ययन गरि साथै विशेष वजेटको व्यवस्था गरिनेछ।
४०. आवश्यक अनुसारको दरवन्दी मिलान गर्दै लगिनेछ ।
४१. बिद्यार्थी संख्या र शिक्षकको अनुपात अध्ययन गरि आवश्यकता अनुसारको बिद्यालयहरु गाभिने सर्त गरिनेछ।
४२. प्रत्येक वडामा एक व्यवस्थित खेल मैदान निर्माण गरि संचालन गर्ने । समयानुसार उपयुक्त खेलकुद प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाइनेछ।
४३. पालिका स्तरमा व्यवस्थित खेल मैदान रङ्गशाला स्थापनाको लागि कार्य थालनी गरिनेछ।
४४. वालबिकास केन्द्रहरुलाई विशेष प्राथमिकतामा लिई आवश्यक स्रोत साधन सम्पन्न बनाई संचालनमा जोड दिइनेछ।
४५. शिक्षा तर्फ माथि उल्लेखित कार्यक्रम सहितको लागि रु ८,०७,५५, ०००। विनियोजन गरेकोछु।
४६. प्रदेशबाट बिभिन्न बिद्यालयमा फरक फरक शिर्षकमा ४३,००,०००। गरि जम्मा ८,५०,५५,०००। विनियोजन गरेकोछु।

सभाध्यक्ष ज्यू,

## स्वास्थ्य :

४७. स्वस्थ नागरिक स्वस्थ पालिका भन्ने निति अवलम्वन गरिनेछ।
४८. पालिका भित्रका जनताहरुको स्वस्थकर जीवनयापन गर्ने प्रणाली सुधार गरिनेछ।
४९. सुर्ति तथा मदिरा जन्य पदार्थहरुको उत्पादन, बितरण समुचित ढंगले नियमन गरिनेछ।
५०. पालिकामा प्रत्येक वडाहरुमा दक्ष जनशक्ति औषधी उपकरण, प्रविधि सहितको "एक वडा एक स्वास्थ्य संस्था अभियानलाई पुर्णता दिइनेछ।
५१. पालिका भित्रका सवै नागरिकलाई नेपालको संविधानले प्रत्याभुति गरे वमोजिम स्वास्थ्य सेवाको पँहुचको सुनिश्रितता प्रदान गरिनेछ।

५२. स्वस्थ शरीर र सकारात्मक सोच व्यक्तित्व बिकास गर्नका लागि ध्यान योग जस्ता कार्यक्रममा जोड दिइनेछ ।

५३. पालिका भित्रका जडिबुटी र औषधीहरुको सदुपयोग गर्दै औषधी प्रवर्धनमा जोड दिइनेछ ।

५४. यस स्थानिय तह अन्तरगतका सवै स्वास्थ्य संस्थामा वर्थिङ सेन्टर स्थापना गरी यसै वर्ष भित्र संचालन योग्य वनाइनेछ ।

५५. वर्थिङ सेन्टरका लागि आवश्यक औजार उपकारणको व्यवस्था गरिनेछ ।

५६. आकस्मिक रुपमा दिइने प्रसुति सेवा जस्ता महत्वपुर्ण सेबालाई आवश्यक थप जनशक्तिको व्यवस्था मिलाइनेछ ।

५७. सवैका लागि निशुल्क आधारभूत स्वास्थ्यलाई सार्थक बनाउन स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण औषधीको प्रर्याप्तताको सुनिश्चितता गरिनर छ ।

५८. स्वास्थ्य संस्थाको खम्बाको रुपमा रहेका महिला स्वास्थ्य स्वयं सेबिकाहरुको निस्वार्थ र बिना पारिश्रमिक गरिएको अमुल्य सेवालाई उचित सम्मानका साथ प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५९. लिखु गाउँ पालिकालाई पुर्ण खोप सुनिश्चित गा.पा. घोषणाको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६०. सरसफाई सम्बन्धी बिशेष कार्यक्रम संचालन गरि " एक घर एक चर्पी" हरेक वडामा कम्तिमा २।२ वटा सार्वजानिक शौचालय " "एक घर एक करेसा वारी " "एक घर एक संकलन खाल्टो" "एक घर एक टोकरी" अभियानलाई पुर्णताका साथ कार्यान्वयन आवश्यक स्रोतको व्यवस्था गर्दै कार्यान्वयन गरिने छ ।

६१. स्वास्थ्य र आयुर्वेद सम्वन्धी उल्लेखित कार्य गर्नको लागि निम्न अनुसारको बजेट बिनियोयोजित गरेको छु । जसमध्ये स्वास्थ्य सर्शत तर्फ रु १,७६,३३,०००। र आयुर्वेद सर्शत तर्फ रु २४,२३,००० प्राप्त भएको छ भने गाउँपालिकाबाट रु २८१०००० थप गरेको छु र स्वास्थ्य र आयुर्वेद सम्वन्धी उल्लेखित कार्य गर्नको लागि रु २२,८६,६००० बजेट बिनियोयोजित गरेको छु ।

सभाध्यक्ष ज्यू,

## पुर्वाधार विकास :

६२. भौतिक पुर्वाधार निर्माण सम्वन्धी गुरु योजना तयार गर्न आवश्यक बजेट सहितको व्यवस्था मिलाएको छु ।

६३. गाउँपालिका क्षेत्रका सबै महत्वपुर्ण क्षेत्रहरुमा सडक संजालले जोड्ने व्यवस्था मिलाइनेछ ।

६४. गाउँपालिकाका सवै वडालाई सम्बोधन हुने गरि मध्यस्तको मुल सडकलाई १२ महिनानै गाडी चल्न योग्य सडक निर्माणमा प्राथमिकताको साथ योजना कार्यन्वयन गरिने छ ।

६५. गाउँपालिका क्षेत्रमा रहेका मुख्य मुख्य सडक सँग जोडिएका महत्वपुर्ण खोलानालामा मोटररेवल पुल निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

६६. भौतिक पुर्वाधार सम्वन्धी दिगो बिकास संचालनार्थ गुरु योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

६७. गाउँपालिका, वडा, स्वास्थ्य चौकी, आयुर्वेद, औषधालय, बिद्यालयहरुका लागि व्यवस्थित भवन निर्माणको लागि प्राथमिकताका साथ, औचित्यताका आधारमा मापदण्ड तयार गरि मात्र निर्माण कार्य संचालनको व्यवस्था मिलाइनेछ ।

६८. अव निर्माण हुने भौतिक पुर्वाधारहरु अपाङ्ग मैत्री, वालमैत्री हुने सुनिश्चितताको प्रतिवद्धताका साथ आवश्यक व्यवस्था मिलाइनेछ ।

६९. यस गाउँपालिका सँग पश्चिम तर्फ जोडिएको लिखु खोलामा अत्यावश्यक स्थलहरु पक्कि पुल निर्माणमा पहल गरिनेछ साथै निर्माणाधिन पुलहरुको सिघ्र कार्य सम्पादनको लागि जोड दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

## वन वातावरण संरक्षण र खानेपानी :

७०. पालिकाको संवृद्धिको लागि वन जंगलको सहि सदुपयोग गर्ने निति अघि वढाइनेछ ।

७१. पालिका क्षेत्र भित्र उत्पादन हुने जडिबुटी र वन पैदावर सँग सम्वन्धित उधोगहरु स्थापना गरिनेछ यस्ता उधोगमा सहकारी, निजि सहकारीको साझेदारी रहनेछ ।

७२. जलवायु परिवर्तनको लागि स्रोत संरक्षणका कार्यलाई विशेष कार्यक्रमका साथ अगाडि वढाइनेछ ।

७३. स्थानिय वातावरणको अनुकुलका वन पैदावारका बिस्तार विविधिकरण र वातावरण संरक्षणको व्यवस्था गरिनेछ । खालि जग्गाहरुमा वृक्षरोपनलाई प्रोत्साहन गरिनेछ ।

७४. पालिका भित्रका जनतालाई दिगो एवं व्यवस्थित र सरसफाई युक्त खानेपानीको व्यवस्था मिलाइनेछ ।

७५. पालिका भित्र सम्पुर्ण घरधुरिमा एक घर एक धारा अभियानलाई अविलम्ब गरिनेछ ।

७६. वन वातावरण, खानेपानीको लागी रु १४,६५,००० विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

७७. गाउँपालिका क्षेत्रमा सिंचाईको पहुँच नपुगेका क्षेत्रमा सिंचाईका न्युनतम आवश्यकतालाई प्राथमिकता साथ कार्यक्रम संचालन गरिनेछ । sip प्रवद्धधन गर्न विशेष वजेट व्यवस्था गरिनेछ।

Sip क्रमागत योजनाहरु ७४।७५ हरु देहाय बमोजिम रहेको छ ।

१. कटलेरी कुलो सिंचाई योजना लिखु-९

२. माझवारी कुलो सिंचाई योजना लिखु-९

३. डुडेखोला देवीटार थलहरी सिंचाई योजना लिखु-८

४. पोकली खोला मल्खु सिंचाई योजना लिखु-९

क्रमागत योजनाको बाँकी बजेट रु ६३,३१,००६ रहेको छ ।

७८. नदि नियन्त्रणको आवश्कता पहिचान गरि आवश्यक व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष ज्यू,**

७९. कानुनको रक्षा जिउधनको सुरक्षा अभियानलाई प्राथमिकतामा राखी पालिका प्रहरीको व्यवस्थालाई आवश्यकता महसुस गरि सुरक्षा व्यवस्थाको प्रत्याभुति दिलाइनेछ ।

८०. सुरक्षा चौकीलाई आवश्यक भौतिक व्यवस्था मिलाइने छ ।

८१. नागरिक सुरक्षा र जनचेतनाको लागि जनतासँग प्रहरी कार्यक्रमलाई अझ प्रभावकारीताका साथ व्यवस्था मिलाइनेछ ।

८२. सुरक्षा व्यवस्था सँग सर्म्वन्धित कार्यक्रमहरुका लागि रु १५,००,०००। रकम विनियोजन गरेको छु ।

## सुशासन :

**सभाध्यक्ष ज्यू,**

८३. जनतालाई पालिका स्तरमा भएका निर्णय र क्रियाकलापहरुको सार्वजनिकिकरण गरिनेछ ।

८४. चुस्त दुरुस्त सक्षम कर्मचारी संगठनको व्यवस्था गर्दै जनताका काम छिटो छरितो गरि सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

८५. सुशासनलाई प्रवद्धन गर्नको लागि सुचना तथा प्रविधिलाई प्राथमिकतामा दिइ काम काज प्रशासन अर्थात less paper administration को अवलम्बन गरिनेछ ।

८६. सुचनालाई प्रविधिले काममा प्रभावकारी वनाउनको लागि E governance system अपनाइनेछ । यसको लागि सुचना प्रविधिको नयाँ उपकरणहरु प्रयोगमा ल्याइनेछ ।

८७. सुशासनलाई प्रवर्धन गर्नका लागि सुचना प्रविधि मा आवश्यक वजेट व्यवस्था मिलाइनेछ ।

सभाध्यक्ष ज्यू,

आगामी वर्ष २०७५।७६ मा आम्दानी तर्फ

| क्र.स. | वजेट | रकम |
|---|---|---|
| १ | गत वर्षको अनुमानित अल्या | रु १,४१,७८,७६५। |
| २ | आन्तरिक आय तर्फ | रु ४०,७०,०००। |
| ३ | राजस्व बाँडफाँड तर्फ | रु ४,५०,००,०००। |
| ४ | वितिय समानिकरण (संघ) | रु १६,६६,००,०००। |
| ५ | वितिय समानिकरण (प्रदेश) | रु २,३४,१२,०००। |
| ६ | आन्तरिक ऋण | रु ५०,००,०००। |
| ७ | सामाजिक सुरक्षा तर्फ | रु ३,१२,००,०००। |
| ८ | sip तर्फ | रु १,२०,००,०००। |
| ९ | sip क्रमागत तर्फ ०७४।७५ बाट बाँकी | रु ६३,३१,००६ |
| १० | helvetasn तर्फ | रु ९३,६८,४००। |
| ११ | सबल तर्फ | रु १८,१५,२२३। |
| १२ | जिल्ला भु संरक्षण तर्फ | रु ८७,२०,०००। |
| १३ | साहस | रु ८,५०,१७४। |
| | जम्मा | ३२,८५,४५,५६८। |

गत वर्षको अल्याबाट फिर्ता तथा कोष स्थापना गर्ने रकम

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सर्शत अनुदान फिर्ता | २६०२३२७ | |
| २ | सुनौलो हजार दिन | ५६८८८ | |
| | कल्याणकारी कोष | १००००० | |
| | जम्मा | ३५७५१४७ | |

SIP तर्फ वाकि योजनाहरु :-

आ.व. ०७४।०७५ का वाँकि योजनाहरुको रकम रु ८१५९३२।

१. माझवारी कुलो सिंचाई योजना लिखु-९

२. कल्लेरी कुलो सिंचाई योजना लिखु-९

३. डुडेखोला देबीटार थलहरी सिंचाई योजना लिखु-८

४. पोकली खोला मल्खु सिंचाई योजना लिखु-९

## गाउँपालिका तर्फका बाँकी योजनाहरु :-

| क्र.स. | क्रमगत योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | विजयटार लिखु २ साविस सिंहदेवी ९ खा.पा. मर्मत योजना (गा.पा. स्तरिय ) | ३,००,०००। | |
| २ | लिखु गा.पा. भवन निर्माण तथा संरचना संरक्षण योजना (गा.पा. स्तरिय ) | २२,८०,०००। | |
| ३ | सिता धारा वृहत खा.पा. मर्मत योजना, लिखु-२ | ३,००,०००। | |
| ४ | अस्थाई वडा कार्यालय भवन मर्मत योजना, लिखु-२ | ३,००,०००। | |
| ५ | विचारीआहाल सिम्ले सानो निगाले सडक, लिखु-४ | १,७५,०००। | |
| ६ | ढाड कुडर टोल आइटार सिंचाई पाइप खरीद योजना, लिखु-२ (काम नभएको) | ६,०००। | |
| ७ | आमा समुह महिला प्रतिक्षालय निर्माण योजना, लिखु-४ | २,००,०००। | |
| ८ | लिखु गा.पा. वडा नं. ६ खा.पा. योजना, लिखु-६ | ४,३५,०००। | |
| ९ | सम्मटार मन्दिर उत्तर दक्षिण सडक, लिखु-८ (काम नभएको) | ६०,०००। | |
| १० | फर्निचर निर्माण तथा मर्मत योजना (संचालन मर्मत) लिखु-१ | ६०,०००। | |
| ११ | चतुरेपानी आ.वि. जग्गा खरिद | ६,५०,०००। | |
| १२ | परामर्श सेवा | ८,००,०००। | |
| | जम्मा | ५५,६६,०००। | |

## सामाजिक न्याय तथा सुरक्षा :

८८. लैङ्गिक समानताका लागि सचेतना कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ।

८९. घरेलु हिंसा, जातिय विवेद, छुवाछुत सम्बन्धी कुरिती अन्त्यका लागि सचेतना अभिवृद्धि गर्दै तत सम्बन्धी प्रचलित कानुनलाई प्रभावकारी कार्यान्वियन गरिनेछ।

९०. वालवालिकाहरुको हक अधिकार र संरक्षण सम्बन्धी गतिविधि संचालन गर्दै, वालमैत्री अपाङ्ग मैत्री पुर्वाधार बिकासमा ध्यान दिईनेछ।

९१. समाजमा विधमान अन्य कुरिति घरेलु हिंसा जन्य प्रर्थाहरुलाई क्रमश अन्य गर्दै जान विशेष कार्यक्रम वनाई कार्यान्यिन गरिनेछ।

९२. जेष्ठ नागरिकहरुको संरक्षण जेष्ठ नागरिक अपाङ्ग एवं असहाय महिला आदिलाई परिचय पत्रको व्यवस्थालाई कार्यान्वयन गरिनेछ।

९३. महिलाको उत्थान र सम्वृद्धिका लागि सिप मुलक तालिम संचालन गरिनेछ।

९४. सामाजिक सुरक्षा भत्ता वाहेक अन्य महिला तथा बालबालिकाको कार्यक्रम संचालन गर्नको लागि रु ७६५०००० विनियोजन गरकोछु र सामाजिक सुरक्षा भत्ता ३,१२,००,०००। विनियोजन गरकोछु।

९५. सुशासनलाई प्रवर्धन गर्नको लागि सुचना प्रविधि मा LGCDP सँगको साझेदारीमा आवश्यक वजेट व्यवस्था गरिएको छ।

**सभाध्यक्ष ज्यू,**

गरि आगामी वर्षका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा रु ३२,८५,४५,५६८। बत्तिस करोड पचासी लाख पैतालिस हजार पाँच सय अठ्सठ्ठी रुपैया विनियोजन गरेको छु।

कुल विनियोजित रकम मध्ये चालुतर्फ रकम रु ७,८२,४२,०००। , पुँजी तर्फ गा.पा. रु ५१,१६६,०००। विषयगत शाखा तर्फ रु ११,४८,६०,०००। , वडा तर्फ पुँजीगत ४,१६,१७,६१८। विनियोजित गरकोछु। र अन्य Sip, Helvetas, जिल्ला भु संरक्षण, सबल, साहास र गत बर्षको फिर्ता रकम र कोष स्थापना सहित रु ४,२६,५९,९५०। विनियोजन गरेको छु।

**सभाध्यक्ष ज्यू,**

यो वजेट तर्जुमाको सिलसिलामा मार्ग निर्देशन गर्नु हुने आदरणिय अध्यक्ष ज्यु, विषयगत समितिका संयोजक ज्युहरु, प्रमुख प्रशासकीय अधिकृत सम्पुर्ण कर्मचारी लगायत यो वजेट तयार गर्ने सहयोग तथा सुझाव दिनुहुने सम्पुर्ण सभाका सदस्य ज्युहरु प्रति म आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

अन्यमा आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनका लागि यो वजेट कार्यान्वयनको क्रममा सबै पक्षको पुर्ण सहयोग प्राप्त हुने बिश्वास लिएको छु ।

## <u>धन्यवाद ॥</u>

अध्यक्ष
लिखु गाउँ कार्यपालिका
(गोबिन्द बहादुर पौडेल)